नेपाल सरकार
अर्थ मन्त्रालय
# भन्सार विभाग
# गौर भन्सार कार्यालय
गौर, रौतहट

## भन्सार नियमावली २०६४ को नियम ३५(१) बमोजिम गोप्य सिलबन्दी बोलपत्रद्वारा विभिन्न सवारी तथा ढुवानी साधन लिलाम बिक्रि गर्ने बारेको २१(एक्काईस) दिने सूचना

## (प्रथम पटक सूचना प्रकाशन मिति २०८३/०१/१५)
## यसअघिको सूचना संसोधन गरिएको

विभिन्न निकायहरुबाट विभिन्न मितिमा भन्सार चोरी निकासी/पैठारी अभियोगमा दाखिला भई यस कार्यालयबाट जफत गरिएका तपसिलमा उल्लेखित दर्ता हुने तथा दर्ता नहुने पत्रु/कवाडी (स्क्राप) भएका सवारी तथा ढुवानी साधनहरु जे जस्तो अवस्थामा छन् सोही अवस्थामा सिलबन्दी बोलपत्रको माध्यमबाट लिलाम बिक्रि गरिने **सूचना प्रकाशन गरिएकोमा विशेष कारणवश दर्ता हुने सवारीको सूचना रद्धगरी दर्ता नहुने पत्रु/कवाडी (स्क्राप) मात्र लिलाम बिक्री गरिने भएकोले** ईच्छुक फर्म, कम्पनी वा संस्थाबाट यो सूचना प्रकाशित भएको मितिले २१(एक्काईस) दिन (२०८३/०२/०४ गते) भित्र निम्नलिखित शर्तहरुको अधिनमा रहने गरी भन्सार नियमावली २०६४ को नियम ३५(१) बमोजिम गोप्य सिलबन्दी बोलपत्र आह्वान गरिएको छ। बोलपत्र फारम कार्यालय समयभित्र यस कार्यालयको मुद्दा शाखाबाट तोकिएको दस्तुर (पछि फिर्ता नहुने गरी) तिरेर खरिद गर्न सकिनेछ। साथै आफुले कबोल गरेको रकमको न्यूनतम १०%(दश प्रतिशत) ले हुने धरौटी रकम यस कार्यालयको नाममा प्रभु बैंक लिमिटेड, गौर भन्सार काउन्टरमा रहेको भन्सार कोष खाता नं. क-२.९-०९६०१४०३६७६०००११ मा जम्मा गरी सोको सक्कल बैंक भौचर बोलपत्र फारामसाथ पेश गर्नु पर्नेछ। यो सूचना भन्सार विभागको वेबसाईट www.customs.gov.np तथा यस कार्यालयको वेबसाईट https://gaur.customs.gov.np/ मा पनि हेर्न सकिनेछ। अन्य कुरा बुझ्नु पर्ने भएमा कार्यालय समयभित्र यस कार्यालयको मुद्दा शाखामा सम्पर्क गरी बुझ्न सकिने छ ।

**तपसिल:-**

| सि. न. | विवरण | न्युनतम मूल्य रु | बोलपत्र दस्तुर रु | |
|---|---|---|---|---|
| १ | विभिन्न मुद्दामाहरुमा रहेका यातायात व्यवस्था कार्यालयमा दर्ता नहुने गरी पत्रु/कवाडी (स्क्राप) मा लिलाम बिक्रि हुने स्कुटर १ थान, मोटरसाईकल ६८ थान, बोलेरो १ थान र स्कार्पियो २ थान। | ५६०२८० | १००० | |

**शिलबन्दी बोलपत्र फारम सम्बन्धि शर्तहरु:-**

१. प्रति बोलपत्र फाराम रु.१,०००।-(एक हजार मात्र) दस्तुर (पछि फिर्ता नहुने गरी) प्रभु बैंक लिमिटेड बैंकमा रहेको यस गौर भन्सार कार्यालयको भन्सार कोष खाता नं. क-२.९-०९६०१४०३६७६०००११ मा कार्यालयको कोड नं.३०५०३२००१ र संकेत नं. १४२२९(अन्य प्रशासनिक शुल्क) मा बुझाएको सक्कल भौचर पेश गरी यस कार्यालयको मुद्दा शाखाबाट सूचना प्रकाशित भएको मितिले २१(एक्काईस) औं दिनसम्म कार्यालय समयभित्र बोलपत्र फाराम खरिद गर्न सकिनेछ।
२. यातायात व्यवस्था कार्यालयमा दर्ता नहुने गरि पत्रु/कवाडी(स्क्राप)मा लिलाम बिक्रि गरिने साधनहरु पत्रु/कवाडीको कारोबार गर्न ईजाजत पत्र प्राप्त भएका फर्म/कम्पनी/संघ/संस्थाले मात्र बोलपत्र खरिद गर्न पाईनेछ।
३. आफुले कबोल गरेको रकम अंक र अक्षरमा खुल्ने गरी स्पष्ट रुपमा उल्लेख गर्नु पर्नेछ। सच्याईएको वा केरमेट गरिएको स्थानमा बोलपत्रदाताको दस्तखत हुनुपर्नेछ। साथै अंक र अक्षरमा फरक परेको हकमा अक्षरलाई मान्यता दिईनेछ।

४. बोलपत्र फारम पेश गर्दा सो बोलपत्र साथ (फर्म/कम्पनी/संघ/संस्था) को स्थायी लेखा नम्बर/PAN दर्ता प्रमाणपत्रको प्रतिलिपि र करचुक्ता प्रमाणपत्रको प्रतिलिपि खामभित्र राखी खाममा सिलछाप समेत लगाई पेश गर्नुपर्नेछ। खाम बाहिर बोलपत्र सूचनाको सि.नं. तथा बोलपत्रदाताको नाम र ठेगाना

५. बोलपत्रदाताहरुले जसको नाममा बोलपत्र फारम खरिद गरेको छ, सोही नामबाट बोलपत्र पेश गर्नुपर्नेछ। यस कार्यालयबाट बिक्रि गरिएको सक्कल बोलपत्र फारममा मात्र बोलपत्र भर्नुपर्नेछ। साथै कुनै पनि शर्त राखी पेश भएको बोलपत्र मान्य हुने छैन।

६. यस कार्यालयबाट खरिद गरिएका बोलपत्र सूचना प्रकाशित भएको मितिले २२औं दिनको अपरान्ह १२:०० बजे सम्म यस कार्यालयको मुद्दा शाखामा (सो दिन सार्वजनिक विदा परेमा लगतै कार्यालय खुलेको दिन सोही समयमा) दर्ता गरिसक्नु पर्नेछ। दर्ता भएको बोलपत्रहरु सोही दिन दिउँसो १४:०० बजे बोलपत्रदाता र अन्य तोकिएका व्यक्तिहरुको रोहबरमा यस कार्यालयमा खोलिने छ। निर्धारित समयमा बोलपत्रदाता अनुपस्थित भएमा पनि बोलपत्र खोल्न बाधा पर्नेछैन।

७. बोलपत्र स्वीकृत भएको जानकारी यस कार्यालयको सूचना पाटीमा सूचना प्रकाशित गरी जानकारी गराईनेछ। साथै भन्सार विभागको वेबसाईट www.customs.gov.np तथा यस कार्यालयको वेबसाईट https://gaur.customs.gov.np/ मा राखिएको सूचनाबाट समेत हेर्न सकिनेछ।

८. कबोल गरेको सबैभन्दा बढी अंक स्वीकृत भएपछि सो रकममा नियमानुसार मू.अ.कर समेत दाखिला गरि बोलपत्र स्वीकृत भएको मितिले ७(सात) दिनभित्र मालवस्तु उठाई लैजानु पर्नेछ।

९. म्यादभित्र उठाई नलगेमा भन्सार नियमावली २०६४ को नियम ३६(४) बमोजिमको धरौटी रकम जफत गरी न्युनतम मूल्यभन्दा बढी कबोल गर्ने क्रमशः दोस्रो, तेस्रो वा चौथो बोलपत्रदाताको कबोल अंक स्वीकृत गरिनेछ।

१०. यातायात व्यवस्था कार्यालयमा दर्ता नहुने पत्रु/कवाडी(स्क्राप) मा लिलाम बिक्रि गरिएका सवारी तथा ढुवानी साधनहरु लिलाम सकारकर्ताले उठाई लैजानु अगाडी नै आफ्नो खर्चमा प्रत्येक साधनहरुको चेसिस र इन्जिन नम्बरहरु रद्द गरि टुक्रा पारि पत्रु/कवाडीको रुपमा उठाई लैजानु पर्नेछ।

११. बोलपत्रको प्रकाशित सूचना कार्यालयले कुनै पनि बेला सूचना प्रकाशित गरी संसोधन, स्थगन वा रद्द गर्न सक्नेछ। साथै बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहिन रहनेछ। यसमा उल्लेख भए बाहेक अन्य विषयहरु प्रचलित ऐन कानून बमोजिम हुनेछ।

प्रमुख भन्सार अधिकृत